## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः ०१-२०८०/०८१

मिति २०८०/०४/११ — समय: दिनको ०१:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
| --- | --- |
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः ०१-२०८०/०८१

मितिः २०८०/०४/११

**प्रस्तावहरुः**

१. समिक्षा सम्बन्धमा
२. वडा कार्यालयलाई अधिकार प्रत्यायोजन सम्बन्धमा
३. दररेट स्वीकृत सम्बन्धमा
४. ठेक्का लगाउने र उपभोक्ता समितिले गर्ने आयोजनाको वर्गीकरण सम्बन्धमा
५. सवारी साधन खरिद सम्बन्धमा
६. प्रधानमन्त्री रोजगार कार्यक्रम आयोजना सम्बन्धमा
७. सम्परिक्षण सम्बन्धमा
८. विपद् व्यवस्थापन सम्बन्धमा
९. सुरक्षित आप्रवासन (SAMI) कार्यक्रम सञ्चालन सम्बन्धमा
१०. अनुगमन तथा जाँचबुझ समिति सम्बन्धमा
११. पैदल मार्ग बनाउने सम्बन्धमा
१२. खेल मैदान सम्बन्धमा
१३. कानूनी परामर्श सम्बन्धमा
१४. अख्तियारी दिने सम्बन्धमा

**निर्णयहरुः**

**निर्णय नं. १:** यस अघिको कार्यपालिकाको वैठकको निर्णय कार्यान्वय प्रगति समीक्षा गरियो ।

**निर्णय नं. २:** आ.व. २०८०/०८१ को कार्यक्रम तथा बजेट कार्यान्वयनको क्रममा वडा कार्यालयलाई तपसिल अनुसारको अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

तपसिल

क) रु. १०,००,०००।- (अक्षरुपी दश लाख रुपैंया मात्र) सम्मको आयोजना/कार्यक्रमको उत्तरदायित्व, जवाफदेही तथा जिम्मेवारी हुने गरी उपभोक्ता समितिसँग सम्झौता, कार्यान्वयन, अनुगमन तथा भुक्तानी सिफारिस गर्ने
ख) उपभोक्ता समिति गठन गर्ने, दर्ता गर्ने, नविकरण गर्ने अभिलेख राख्ने काम
ग) गाउँपालिकाको मार्ग दर्शन प्राप्त भएपछि उक्त अधिकार प्रयोग गर्नु पर्नेछ ।

**निर्णय नं. ३:** दररेट निर्धारण समितिको सिफारिस अनुसार आर्थिक वर्ष २०८०/०८१ को लागि देवघाट गाउँपालिकाको दररेट स्वीकृत गरियो ।

**निर्णय नं. ४:** आर्थिक वर्ष २०८०/०८१ मा उपभोक्ताको लागत सहभागिता र श्रम नजुट्ने तथा हेभी मेशिन प्रयोग हुने र नयाँ ट्र्याक खन्ने आयोजना तथा कार्यक्रम उपभोक्ता समितिवाट नगरी सार्वजनिक खरिद प्रक्रियाबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** गाउँपालिकालाई आवश्यक पर्ने ब्याक हो लोडर, ट्याक्टर, मोटरसाइकल र स्कुटर खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:** प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फका आयोजनाहरु स्वीकृत गरियो ।

**निर्णय नं. ७:** महालेखा परिक्षकको प्रतिवेदन २०७९ को क्र.सं. २६ मा मृत्यु भएको ब्यक्तिका नाममा भत्ता निकासा भएको र असुल गर्नुपर्ने ब्यहोराको बेरुजु देखिएको, सोही आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको तर सम्बन्धित वडा कार्यालयको पत्र, सामाजिक सुरक्षा इकाईको राय समेतको आधारमा म.ले.प. प्रतिवेदनमा उल्लेखित व्यक्ति यस गाउँपालिका क्षेत्रका सामाजिक सुरक्षा भत्ता लाभग्राही नभएको, निजको नाममा भत्ता वितरण नभएकोले सम्परिक्षण गरी बेरुजुको व्यहोरा हटाइदिनको लागि महालेखा परिक्षकको कार्यालयमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ८:** भारी वर्षाको कारणले बाढी पहिरोको जोखिमको सम्भावना भएकोले यस्ता विपद् जन्य जोखिमको सामना गर्न वडा कार्यालयले तयारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:** सुरक्षित आप्रवासन (SAMI) कार्यक्रम चालु आ.व. २०८०/०८१ मा वडा नं. २,३ र ४ मा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराको प.सं. २०७९/८० च.नं. ६७५२४ मिति २०८०/०३/२६ को पत्र प्राप्त भई ब्यहोरा अवगत भयो । सो सम्बन्धमा क्रम संख्या १,२,३ र को विषयवस्तु विस्तृत रुपमा अध्ययन गरी १५ दिन भित्रमा स्पष्ट रुपमा खुलाई पेश गर्नको लागि यस अघि मिति २०७९।०४।०२ गते को कार्यापालिका वैठकबाट गठन भएको अनुगमन तथा जाँचबुझ समितिमा सदस्य थप गरी तपसिल अनुसारको समिति गठन गर्ने र क्रम सख्या ४ को सम्बन्धी आवश्यक कागजात पेश गर्न गाउँ कार्यापलिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**तपसिल**

| | | |
|---|---|---|
| संयोजक | - | श्री पूर्ण बहादुर कुँवर (वडा अध्यक्ष वडा नं. ५) |
| सदस्य | - | श्री गंगा सिं. बि.क. (कार्यापालिका सदस्य) |
| सदस्य | - | श्री कमला गुरुङ (वडा सदस्य वडा नं. ५) |
| सदस्य | - | श्री वुद्धि बहादुर पाण्डे (वडा सदस्य वडा नं. ५) |
| सदस्य | - | श्री याम बहादुर मगर (वडा सदस्य वडा नं. ५) |

**निर्णय नं. ११:** संघीय समपुरक बजेटबाट कालिगण्डकी नदी हर्दिको पुल, चक्रवर्ती मन्दिर तल हुँदै गलेश्वर आश्रम सिता गुफा, वेणी संगम हुँदै पुन गलेश्वर आश्रमबाट हरिहर चोक हुँदै देवघाट झोलुङ्गे पुल हुँदै ठिमुरा पुलसम्म शुरु गर्ने र क्रमश आगामी आ.व.मा दास ढुङ्गा पुलसम्म पैदल मार्ग बनाउने निर्णय गरियो । साथै पैदल मार्गको चौडाई हाल भौगोलिक अवस्था अनुसार १.५ मिटर देखि २.५ मिटर सम्मको बनाउने र

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

आवश्यकता अनुसार विभिन्न स्थानहरुमा चौतारा तथा खानेपानी धारा, शौचालय, प्रतिक्षालय पनि निर्माण गर्न सकिने पनि निर्णय गरियो ।

**निर्णय नं. १२:** वडा नं. ५ बसन्तपुर खेल मैदान बनाउनको लागि जग्गा सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:** गाउँपालिकामा कानून सम्बन्धी परामर्श दिन, गाउँपालिकाको तर्फबाट प्रति उत्तर तथा फिराद पत्र तयार गर्ने, बहस गर्ने लगायतको काम आएमा सो समेत गर्न एक कानूनी सल्लाहकार अथवा कानून विज्ञ आवश्यक परेकोले उक्त कामको सन्दर्भमा आवश्यकता अनुसार वैठक बस्न पर्दा वैठक भत्ता, यातायात खर्च तथा पारिश्रमिक उपलब्ध गराउने गरी आपसि सम्झौतामा भरतपुर-११, चितवनका अधिवक्ता गोपीलाल देवकोटालाई कानूनी सल्लाहकार नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४:** यस गाउँपालिका र गाउँ कार्यपालिकाको कार्यालयको विरुद्ध मृत-संजिवनी-शिवशक्ति-इको जे.भी. को तर्फबाट श्री उच्च अदालत पाटनमा परेको ०८०-WO-००५१ को उत्प्रेषण/परमादेश मुद्दामा प्रतिरक्षा गर्न, कानून ब्यवसायी मुकरर गर्न, वारेस नियुक्त गर्न र मुद्दासँग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका निमित्त यस गाउँ कार्यपालिकाको कार्यालयका कानून एंव प्रशासन शाखा प्रमुख गोविन्द प्रसाद पौडेललाई अख्तियारी दिने निर्णय गरियो ।

| | |
|---|---|
| रमेश सुवेदी | तिल बहादुर थापा |
| प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |